नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग,
मीनभवन, काठमाडौं।

# सूचना

विषयः सामाजिक सुरक्षाकोषमा योगदान सम्बन्धमा।

आर्थिक तथा सामाजिक रुपमा श्रमिकलाई संरक्षण र श्रमलाई सम्मान गर्ने राज्यको प्रमुख दायित्व हो। नेपालको संविधान २०७२ को धारा ३३ मा रोजगारीको हक र धारा ३४ मा योगदानमा आधारित सामाजिक सुरक्षाको हकलाई श्रमिकहरुको मौलिकहकको रुपमा उल्लेख गरिएको छ। श्रमिकको योगदानमा आधारित सामाजिक सुरक्षाको हक सुनिश्चित गर्न तथा योगदानकर्तालाई सामाजिक सुरक्षा प्रदान गर्ने उद्देश्यले योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ कार्यान्वयनमा छ ।

श्रम ऐन, २०७४ को परिच्छेद-१० अन्तर्गत दफा २० देखि ५७ मा योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्धता तथा योगदान सम्बन्धी व्यवस्था रहेको छ। श्रम ऐन, २०७४ को दफा ५२ मा रोजगारदाताले प्रत्येक श्रमिकको आधारभूत पारिश्रमिकबाट १० प्रतिशत रकम कट्टा गरी सो रकममा शतप्रतिशत रकम थप गरी हुन आउने रकम २० प्रतिशत, ऐ. ऐनको दफा ५३ मा रोजगारदाताले प्रत्येक श्रमिकको उपदान वापत आधारभूत पारिश्रमिकको ८.३३ प्रतिशत रकम साथै सामाजिक सुरक्षा कोषले श्रम ऐनको दफा ५४ वमोजिम औषधोउपचार बीमा दफा ५५ बमोजिम दुर्घटना बीमाको दायित्व बहन गर्नको लागि १.६७ प्रतिशत र सामाजिक सुरक्षा कर १ प्रतिशत गरी ***श्रमिकले ११ प्रतिशत रोजगारदाताले २० प्रतिशत गरी कुल ३१ प्रतिशत*** रकम सामाजिक सुरक्षा कोषमा प्रत्येक महिना जम्मा हुनुपर्नेमा सुचिकृत भई योगदानमा समावेश नभएका रोजगारदाता र श्रमिकलाई अविलम्ब सामाजिक सुरक्षा कोषमा आवद्ध हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

मितिः २०८१/१२/०८

ई.मणिनाथ गोप
प्रवक्ता